# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस-नोट

२०७९ असोज ३१

### निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू बिच छलफल

आगामी मङ्सिर ४, २०७९ मा हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनलाई कसरी थप मानव अधिकारमैत्री बनाउन सकिन्छ भन्ने सन्दर्भमा आज निर्वाचन आयोगका पदाधिकारी र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी बिच निर्वाचन आयोगमा छलफल भयो ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय कार्यवबाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले आसन्न निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने सम्बन्धमा गरेको तयारीका बारेमा जानकारी गराउँदै निर्वाचनलाई स्वतन्त्र निष्पक्ष, भयरहित र मानव अधिकारमैत्री बनाउन निर्वाचन अचारसंहिता, शान्ति सुरक्षा, निर्वाचनको अनुगमन तथा पर्यवेक्षण, मतदाता शिक्षा, मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असक्त, गर्भवतीलगायतका मतदाताको पहुँच, अनुगमनकर्ताको अनुगमनमा सहज पहुँच, अनुगमनमा मानव अधिकारसम्बन्धी अन्य संवैधानिक आयोगहरुको भूमिकाको पहिचान, पत्रकार र आमसञ्चारको भूमिका र दुई आयोग बिचको सहकार्य समन्वयलगायतका विषयमा निर्वाचन आयोगको ध्यान जानुपर्ने कुरा बताउनुभयो ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त माननीय दिनेशकुमार थपलियाले निर्वाचनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन आयोगलाई दिएका सुझाव सिफारिसहरुको निर्वाचन आयोगले कार्यान्वयन गरेको बताउँदै आगामी निर्वाचनमा विगतका कमीकमजोरी नदोहोरियून भन्नेमा निर्वाचन आयोग सचेत रहेको र मतदाता नामावली, निर्वाचन मतपत्र, उम्मेदवारी मनोनयन, मतदाताको पहुँच, असक्त अपाङ्गता भएका व्यक्तिहरुको मताधिकारको सुनिश्चितता, शान्तिसुरक्षाको तयारी, सुरक्षाकर्मी परिचालन, दलहरु बिचको विवाद, मतदाता शिक्षा, निर्वाचनका दिनको सवारी सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकको व्यवस्थापनलगायतका विषयमा निर्वाचन आयोगले गरेका क्रियाकलाप र तयारी बारे जानकारी गराउनुभयो ।

निर्वाचन आयोगका आयुक्तहरु, राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरु, का.मु.सचिव तथा सहसचिवहरुको समेत उपस्थिति रहेको छलफलमा निर्वाचनपश्चात् पनि दुवै आयोगहरु बिच छलफल र अन्तरक्रियालाई निरन्तरता दिने सहमति भयो ।

..............................

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org